# सेवा करार सम्बन्धी सूचना

**सूचना प्रकाशन भएको मितिः २०८२/०५/१७**

यस निर्देशनालयको आ.व. २०८२।८३ को बार्षिक स्वीकृत कार्यक्रम अनुसार सुरक्षित आप्रवासन (SaMi) कार्यक्रम लागू भएका स्थानीय तहहरुमा कार्यरत मनोसामाजिक परामर्शकर्ताहरुको क्षमता विकास, प्राविधिक सहयोग एवं सहजीकरणका लागि तपसिल बमोजिमको जनशक्ति सेवा करारमा लिनुपर्ने भएकोले योग्यता पुगेका र प्रचलित कानून बमोजिम अयोग्य नठहरिएका ईच्छुक नेपाली नागरिकले यो सूचना प्रकाशित भएको मितिले १५ दिन भित्र कार्यालय समयमा प्राप्त हुनेगरी तपसिलमा उल्लेखित राजस्व तिरेको सक्कल भौचर सहित प्रदेश लोकसेवा आयोग लुम्बिनी प्रदेशको फारामको ढाँचामा दरखास्त दिनुहुन सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ।

पदः मनोविद

तहः सातौं (प्राविधिक)

| सि.नं. | विज्ञापन नं. | कार्यक्षेत्र | माग संख्या |
|---|---|---|---|
| १. | ०२।०८२।८३ | लुम्बिनी प्रदेश, स्वास्थ्य निर्देशनालयमा रही सुरक्षित आप्रवासन (SaMi) कार्यक्रम लागु भएका स्थानीय तहहरुमा | २ |

१. **शैक्षिक योग्यता र अनुभव [सुरक्षित आप्रवासन (SaMi) कार्यक्रम (चौथो चरण) सञ्चालन मार्गदर्शन,२०८१ ले तोकेअनुसार]**

क. **न्युनतम् शैक्षिक योग्यताः** मान्यता प्राप्त विश्वविद्यालयबाट मनोविज्ञान (क्लिनिकल साइकोलोजी मेजर, काउन्सेलिङ साइकोलोजीङ, स्कूल साइकोलोजी) मा स्नातकोत्तर उतिर्ण गरी कम्तिमा दुई वर्ष सम्बन्धित क्षेत्रमा काम गरेको अनुभव भई मनोसामाजिक परामर्शकर्ताहरुलाई सुपरभाइज गरेको वा पोष्ट ग्राजुएट डिप्लोमा इन काउन्सेलिङ उतिर्ण गरी मनोसामाजिक परामर्शकर्ताहरुको सुपरभाइजर भएर कम्तीमा तीनवर्ष काम गरेको अनुभव भई राष्ट्रिय स्वास्थ्य तालिम केन्द्रले तयार पारेको मनोसामाजिक परामर्श तालिमको प्रशिक्षक प्रशिक्षण (ToT) तालिम लिएको,

**ख. प्राथमिकताका आधारहरुः**

- सम्बन्धित विषयमा स्नातकोत्तर हासिल गरी राष्ट्रिय स्वास्थ्य तालिम केन्द्रले तयार पारेको मनोसामाजिक परामर्श तालिमको प्रशिक्षक प्रशिक्षण (ToT) तालिम लिएको,
- राष्ट्रिय स्वास्थ्य तालिम केन्द्रको मोड्युल अनुसार ६ महिने मनोसामाजिक परामर्शको तालिम संचालन गरेको,
- र स्थानीय तथा प्रदेश सरकारसँग निकटतम समन्वय र सहकार्यमा काम गरेकोलाई प्राथमिकता दिईने छ ।

ग. **भाषा र अन्य :** नेपाली र अंग्रेजी दुबै भाषामा बोल्न र प्रतिबेदन तयार गर्न सक्ने । आधारभुत कम्प्युटर सम्बन्धी ज्ञानको साथै MS Office (Word, Excel, PowerPoint, Outlook, Email, Internet, KOBO Tool) सहज रुपमा चलाउन सक्ने ।

२. **उमेर:** २१ बर्ष पुरा भई ४५ वर्ष ननाघेको ।

३. **दरखास्तसँग संलग्न गर्नुपर्ने कागजातहरु:** लुम्बिनी प्रदेश लोकसेवा आयोगको दरखास्त फारामको ढाँचामा सम्पुर्ण विवरण भरी हालसालै खिचेको पासपोर्ट साइजको २ प्रति फोटो सहित शैक्षिक योग्यताको प्रमाणित प्रतिलिपि, नेपाली नागरिकताको प्रमाणपत्रको प्रमाणित प्रतिलिपि, अनुभवको प्रमाणित प्रतिलिपि सहित राजश्व तिरेको सक्कलै भौचर सहितको रेकर्ड फाईल थान १ उम्मेदवार स्वयंम उपस्थित भई पेश गर्नुपर्ने छ ।
अनुभवको हकमा अनुमति प्राप्त संस्थाबाट प्रदान गरिएको नियुक्ति पत्र, करार सम्झौता, कामको कार्यविवरण र अवकाश पत्र/ करार अन्त्यको प्रमाणित प्रतिलिपिहरु अनिवार्य रुपमा पेश गर्नुपर्ने छ।

४. **सेवाको किसिम:** कार्यक्रम करार

५. **छनौटको आधार र प्रक्रिया:** अन्तरवार्ता।

६. **दरखास्त बुझाउने स्थान:** लुम्बिनी प्रदेश, स्वास्थ्य निर्देशनालय, राप्ती उपत्यका (देउखुरी), नेपाल ।

७. **दरखास्त दिने अन्तिम मिति:** सूचना प्रकाशित भएको मितिले १५ दिन भित्र कार्यालय समयमा प्राप्त हुनेगरी। दरखास्त दिने अन्तिम दिन सार्वजनिक विदा पर्न गएमा त्यसपछि कार्यालय खुलेको दिन अन्तिम दिन मानिनेछ।

८. **परिक्षा दस्तुर:** रु. १०००.०० मात्र ।

राजश्व दाखिला गर्नुपर्ने विवरण

| कार्यालयको नाम | कार्यालय कोड | राजश्व शिर्षक | राजश्व रकम रु. | राजश्व दाखिला गर्नुपर्ने बैक |
|---|---|---|---|---|
| स्वास्थ्य निर्देशनालय, राप्ती उपत्यका (देउखुरी), नेपाल । | ३७००१५६०५५ | १४२२४ | १०००.०० | नेपाल बैक लिमिटेड |

९. **तलब भत्ता तथा अन्य सुविधा:** नियमानुसार ।

१०. **अन्तरवार्ताको सूचना:** अन्तरवार्ताको सूचना निर्देशनालयको वेभसाइट: (hd.lumbini.gov.np) मा प्रकाशित गरिने छ ।

११. रितपुर्वक पेश हुन नआएको दरखास्त उपर कुनै कार्वाही हुने छैन ।

विस्तृत जानकारीको लागि यस निर्देशनालयको वेभसाइट: **hd.lumbini.gov.np** मा हेर्न साथै थप जानकारीका लागि फोन नं. ०८२५९४३५/ ९८५११२१८७९ मा सम्पर्क गर्नुहुन अनुरोध छ।